नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचविखन अनुसन्धान ब्यूरो

(मिडिया डेस्क)

PRESS RELEASE

बबरमहल, काठमाण्डौ

मिति: २०७८/०९/१६ गते।

## खाजा घरमा वेटरको काम लगाउने बहानामा जवरजस्ती यौन कार्यमा लगाउने व्यक्ति पक्राउ।

परिवर्तीत नाम बबरहल ७१ जुनकिरी होटलमा वेटरको काम गर्दै आएकोमा सो होटलमा प्रायजसो आइरहने उमेश थापा सँग चिनजान भई निज उमेश थापाले मेरो पनि होटेल छ तिमिलाई वेटरको काम गरे वापत यहाँ भन्दा राम्रो सुबिधा दिउँला भनि विभिन्न किसिमको प्रलोभनमा पारि काठमाण्डौ जडिबुटीमा रहेको थापा रेष्टुरेण्ट एण्ड बारमा लगी वेटरको काम दिनुको साटो होटेलमा आउने पुरुष ब्यक्तिहरू सँग यौन सम्पर्कका लागि पठाउने गरेकोले परिवर्तीत नाम बबरहल ७१ ले म यस्तो बेश्याबृत्तीको काम गर्दिन भन्दा विभिन्न डर त्रास देखाई जबरजस्ती यौन कार्यमा लगाई सो वापतको रकम समेत आफैले लिने गरेकोमा परिवर्तित नाम बबरमहल ७२ समेतलाई गाँउबाट काठमाण्डौं आएको १ महिना पछि कामको खोजीको सिलसिलामा जडिबुटी स्थितको थापा रेष्टुरेण्ट एण्ड बारमा जाँदा सो रेष्टुरेण्टका संचालक उमेश थापाले वेटरको काम दिएको र प्रहरी चेकिङमा आउदा उमेर २३ वर्ष र वेटरको काम गर्छु भनि भन्न लगाउने तर निजले मलाई वेटरको कामको साटो उक्त होटलमा आउने अपरिचित पुरुषहरु सँग यौन सम्बन्ध राख्नको लागि जबरजस्ति पठाउने, जान नमानेमा डरत्रास देखाई बाध्यपारी दैनिक जसो ५/७ जना पुरुष सँग यौन सम्पर्क राख्न लगाइ त्यस वापत आउने रकम निजले नै राखि जबरजस्ति बेश्याबृत्तीमा लगाई राखेको अवस्थामा प्रहरी र शक्ति समुहको संयुक्त टोलीले मिति २०७७।१२।१० मा छापामारी उद्दार भई आएकोले निज उमेश थापालाई मानब बेचबिखन तथा ओसार पसार ऐन अनुसार कारबाही गरी पाँउ भन्ने परिवर्तीत नाम बबरहल ७१ र ७२को यस कार्यालयमा जाहेरी दरखास्त प्राप्त भए पश्चात मानव बेचबिखन तथा ओसारसपार मुद्दा दर्ता गरी अनुसन्धानको क्रममा मिति २०७८/०८/२२ गते १५:४० बजे पक्राउ परेका प्रतिवादी उमेश थापालाई सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट म्यादथप लिई अनुसन्धान कार्य भईरहेको ।

**पक्राउ प्रतिवादी :-**



नाम:- उमेश थापा

उमेर:-२१ बर्ष

ठेगाना:-जिल्ला उदयपुर कटारी नगरपालिका वडा नं. १२ स्थाई घर भई
हाल जिल्ला काठमाण्डौ का.म.न.पा.वडा ३२ बस्ने।

पक्राउ मिति:-२०७८।०८।२२

पक्राउ स्थान:- जिल्ला काठमाण्डौ का.म.न.पा.वडा ३२ जडिबुटी।

कानुनी प्रावधान:-

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान कारवाही हुने।**

**उप निर्देशक**

**(शारदा प्रसाद चौधरी)**

**प्रहरी उपरीक्षक**

**प्रवक्ता एवं सूचना अधिकारी**

**सम्पर्क नम्बर:-९८५१२८०३७६**